# प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (तेश्रो संशोधन) आदेश, २०७८

प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस आदेशको नाम "प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (तेश्रो संशोधन) आदेश, २०७८ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ (यस पछि "आदेश" भनिएको) दफा १५ मा संशोधन:</u> आदेशको दफा १५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएको छ:-

"(१) उपाध्यक्ष तथा सदस्यले सपथ ग्रहण गरेको मिति देखि अनुसूची-२ बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा पाउने छन् ।

(२) प्रदेश सरकारले अनुसूची-२ मा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।"

३. <u>आदेशको अनुसूची-२ मा हेरफेर:-</u>

- अनुसूची-२ मा सदस्यको अन्य सुविधा अन्तर्गत सि.नं. ४ को सवारी-१ को सट्टा "प्रति महिना यातायात खर्च रु.२०,०००।-" राखिएको छ ।
- अनुसूची-२ मा सदस्यको अन्य सुविधा अन्तर्गत सि.नं. ५ र ६ हटाइएको छ ।

प्रमुख सचिव